# प्रदेश आर्थिक ऐन, २०८३

**प्रमाणीकरण र प्रकाशन मिति**

२०८३।०३।३१

## संवत् २०८३ सालको ऐन नं. ०२

**प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावना:** बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८३।८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व सङ्कलन गर्ने, कर तथा शुल्कको दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकाले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यस ऐनको अनुसूची -१ को खण्ड (घ) को सि.नं. २० प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि र अन्य दफाहरू संवत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर:** (१) आर्थिक वर्ष २०८३।८४ मा बागमती प्रदेशभित्र अनुसूची -१

बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर रजिष्ट्रेशन गर्दाका बखत सम्बन्धित स्थानीय तहले सङ्कलन गरी बाँडफाँट गर्नु पर्नेछ।

तर स्थानीय तहको साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले उपदफा (१) बमोजिमको दर अनुसारको शुल्क र दस्तुर सङ्कलन गरी बाँडफाँट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यालयबाट सङ्कलित घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरको जम्मा रकमबाट अनुसूची -१ को खण्ड (घ) सि.नं. ११ बमोजिमको रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी बाँकी रकमलाई सत प्रतिशत मानी सोको साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको राजस्व बाँडफाँटको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तह र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

३.	**सवारी साधन कर:** (१) आर्थिक वर्ष २०८३।८४ मा बागमती प्रदेशभित्र अनुसूची -२(क) बमोजिम सवारी साधन कर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको रकम प्रचलित कानून बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र बाँकी चालीस प्रतिशत रकम प्रचलित कानून बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त बाँडफाँटको सूत्र (हिस्सा) बमोजिम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा मासिक रुपमा जम्मा गर्नु पर्नेछ।

४.	**प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लिइने शुल्क तथा दस्तुर सम्बन्धी विशेष व्यवस्था:** (१) प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लिइने शुल्क तथा दस्तुर सोही ऐन बमोजिम बनेको नियमावली बमोजिम लगाइने र असुल गरिनेछ।

तर प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम नियमावली नबनेसम्मका लागि उक्त ऐन बमोजिम लगाइने सवारी चालक अनुमतिपत्र तथा आवेदन दस्तुर, सवारी चालक अनुमतिपत्र सम्बन्धी परीक्षा शुल्क, सवारी साधनको दर्ता र सरुवा दर्ता दस्तुर, सवारी साधन सरुवा सहमति दस्तुर, सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर, सवारी साधनको अस्थायी दर्ता

दस्तुर, विदेशमा दर्ता भएका सवारी चालक अनुमतिपत्र दस्तुर, सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुर, सवारी साधनको नामसारी र धनीको मृत्यु भएको सवारी नामसारी दस्तुर, बाटो इजाजतपत्र दस्तुर लगायतका अन्य शुल्क तथा दस्तुर यसै ऐनको अनुसूची -२(ख) बमोजिम लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) आर्थिक वर्ष २०८३।८४ मा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ मा भएको व्यवस्था बमोजिम सोको नियमावली नबनेसम्म सवारी दर्ता किताब (ब्लु बुक) दस्तुर तथा अन्य विविध दस्तुरको सङ्कलन प्रचलित कानून बमोजिम हुनेछ।

५. **मनोरञ्जन कर:** (१) आर्थिक वर्ष २०८३।८४ मा बागमती प्रदेशभित्र अनुसूची -३ बमोजिम मनोरञ्जन कर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करको प्रशासन स्थानीय तहले गर्नेछ। उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(३) अनुसूची -३ को खण्ड (क) मा उल्लिखित करदाताले बुझाउनुपर्ने कर प्रत्येक महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र, खण्ड (ख) मा उल्लिखित वार्षिक एकमुष्ट लाग्ने करको हकमा असार मसान्तभित्र र खण्ड (ग) मा उल्लिखित करको हकमा

अनुमति लिँदाको बखत अग्रिम रुपमा सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको मनोरञ्जन कर नबुझाउने करदातालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि कर नबुझाएमा बुझाउनुपर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल गर्नु पर्नेछ।

तर अनुसूची -३ को खण्ड (ग) बमोजिमको मनोरञ्जन करको हकमा यो उपदफा बमोजिमको व्यवस्था लागू हुने छैन।

(५) उपदफा (२) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम सम्बन्धित स्थानीय तहले साठी प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

६. **विज्ञापन करः** (१) आर्थिक वर्ष २०८३।८४ मा बागमती प्रदेशभित्र विज्ञापन सामग्री राखे बापत लाग्ने विज्ञापन कर सम्बन्धित स्थानीय तहको कानून बमोजिम लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको रकम सम्बन्धित स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिम विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत रकम आफ्नो

स्थानीय सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

७. <u>**कृषि आयमा कर:**</u> (१) आर्थिक वर्ष २०८३।८४ मा स्वयम् घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरूको लागि कृषि आयमा कर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने करको दर तथा सीमा अनुसूची -४ बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको कृषि आयमा कर कृषि क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गतको कृषि विकास कार्यालय वा कृषि तथा पशुपन्छी विकास कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

८. <u>**पर्यटन शुल्क:**</u> (१) आर्थिक वर्ष २०८३।८४ मा प्रदेश पर्यटन ऐन, २०७८ बमोजिम पर्यटन शुल्क लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क प्रदेश पर्यटन सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको निकाय वा कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

९. <u>**ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क:**</u> (१) आर्थिक वर्ष २०८३।८४ मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको सङ्कलनमा अनुसूची -५ बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।

(२) आर्थिक वर्ष २०८३।८४ मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरण गर्दा प्रचलित कानून उल्लङ्घन गरेको पाइएमा अनुसूची -६ बमोजिम जरिवाना लगाइने र असुल गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको शुल्क र जरिवाना स्थानीय तहले सङ्कलन गर्नेछ। उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(५) स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामग्रीमा बिक्री मूल्य तोक्न सक्नेछ।

(६) यस दफा बमोजिम माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको र नदीजन्य, खानीजन्य तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ। प्रदेश सरकारले निर्धारण गरेको कार्यविधिको उल्लङ्घन गरेमा अनुसूची -६ बमोजिमको जरिवाना लाग्नेछ।

१०. **वातावरणीय सेवा शुल्कः** प्रदेशभित्र प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग गर्ने उद्योगहरुबाट अनुसूची -७ मा तोकिए बमोजिमको दरमा वातावरणीय सेवा शुल्क डिभिजन वन कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

११. **कृषि सेवा शुल्कः** (१) कृषि तथा पशुपन्छी सम्बन्धी विषय हेर्ने मन्त्रालय र मातहतका निकायहरूबाट प्रवाह गरिने सेवामा सेवा शुल्क तथा बिक्री गरिने वस्तुको बिक्री मूल्य अनुसूची -८ बमोजिम असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाइएको सेवा शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाइएको सेवा शुल्क कृषि तथा पशुपन्छी सम्बन्धी विषय हेर्ने मन्त्रालय अन्तर्गतका कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

१२. **प्रयोगशाला सेवा शुल्कः** (१) स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय मातहतको प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्रदान गरिने सेवामा अनुसूची -९ बमोजिम सेवा शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको सेवा शुल्क प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

१३. **अन्य राजस्वः** (१) प्रदेश सरकारको विभिन्न मन्त्रालय मातहत रहेका कार्यालयहरूको कार्यप्रकृति अनुसार वस्तु तथा सेवा प्रवाहको माध्यमबाट सङ्कलन हुने दर्ता शुल्क, बिक्री मूल्य वा शुल्क तथा दस्तुर प्रदेश कानून बमोजिमको दरमा सङ्कलन गर्नु पर्नेछ। प्रदेश कानूनमा उल्लेख नभएको अवस्थामा प्रचलित कानूनमा उल्लेख भए अनुसारको दरमा सङ्कलन गर्नु पर्नेछ।

(२) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालन अनुमति तथा नवीकरण शुल्क अनुसूची -१० बमोजिम लगाइने र असुल गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम सङ्कलन भएको कर तथा गैर कर राजस्व रकम राजस्व व्यवस्थापन सूचना प्रणाली मार्फत मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिल गरी सोको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

१४. **दर घटाउन, बढाउन वा छुट दिन सक्नेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइने दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दर घटाएको, बढाएको वा छुट दिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेस गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दिएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिएको दस्तुर, शुल्क र कर रकम असुल गरी सो रकम बराबर जरिवाना गरिनेछ।

१५. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** (१) प्रचलित कर सम्बन्धी कानून वा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकुवा गरेको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१६. **घर जग्गा रजिष्ट्रेशन शुल्कमा छुट सम्बन्धी विशेष व्यवस्थाः** (१) काठमाडौं उपत्यकाभित्रका काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका स्थानहरू, भरतपुर महानगरपालिका, हेटौंडा उपमहानगरपालिका

क्षेत्र बाहेक बागमती प्रदेशका अन्य स्थानमा उत्पादनमूलक उद्योग स्थापना गर्नका लागि जग्गा खरिद गर्दा प्रचलित घरजग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट प्रदान गरिनेछ।

(२) काठमाडौँ उपत्यकाभित्रका काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लामा हाल सञ्चालनमा रहेका उत्पादनमूलक उद्योगले आफ्नो कारखाना काठमाडौँ उपत्यका बाहिर प्रदेशभित्रका अन्य गाउँपालिका र नगरपालिका क्षेत्रमा स्थानान्तरण गरेमा समेत उपदफा (१) बमोजिमको छुट प्रदान गरिनेछ।

तर काठमाडौँ उपत्यकाभित्रका काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लाका स्थानहरू, भरतपुर महानगरपालिका, हेटौँडा उपमहानगरपालिका क्षेत्रमा त्यसरी उद्योगको कारखाना स्थानान्तरण गरेकोमा यस उपदफा बमोजिमको छुट प्रदान गरिने छैन।

(३) यस दफा बमोजिम छुट लिई खरिद गरेको जग्गा उद्देश्य विपरीत प्रयोग गरेको पाइएमा वा बिक्री गरेमा छुट पाएको रजिष्ट्रेशन शुल्क जग्गा बिक्री गर्दाका बखत सम्बन्धित भूमि प्रशासन कार्यालयले फिर्ता गर्न लगाउनु पर्नेछ।

१७. **<u>प्रादेशिक व्यापार तथा व्यवसायको लागि छुट सम्बन्धी विशेष व्यवस्थाः</u>** व्यावसायिक फर्म दर्ता गरी नवीकरण नगरेका उद्योग, फर्म (प्राइभेट र साझेदारी) र व्यवसायले संवत् २०८३ पौष मसान्तसम्म आर्थिक वर्ष २०८२।८३ सम्मको लाग्ने नवीकरण शुल्क दाखिल गरी नवीकरण गरेमा आर्थिक वर्ष २०८१।८२ भन्दा अगाडिका वर्षहरुमा लाग्ने जरिवाना छुट हुनेछ।

**१८. प्रदेश सवारी तथा यातायात व्यवस्थासँग सम्बन्धित विशेष व्यवस्थाः**

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा मातहतका निकायहरूको स्वामित्वमा रहेका मर्मत सम्भार गरी प्रयोगमा ल्याउन नसकिने र पार्टपूर्जा समेत उपयोगमा नआउने सवारी साधनहरुको हकमा सम्बन्धित सवारी साधन दर्ता भएका कार्यालयले यातायात सम्बन्धी विषय हेर्ने मन्त्रालयको स्वीकृतिमा तिर्नु बुझाउनु पर्ने राजस्व बाँकी भए सो समेत मिनाहा दिई सम्बन्धित सवारी साधन दर्ता रहेको कार्यालयले लगतकट्टा गरी स्वामित्व रहेको कार्यालयबाट लिलाम बिक्री गर्न सक्नेछ।

(२) बागमती प्रदेशभित्र दर्ता भएका बीस वर्ष वा सो भन्दा पुराना सार्वजनिक (भाडाका) सवारी साधनका सवारी धनीले आफ्नो सवारी साधन पत्रु गराउने प्रयोजनार्थ संवत् २०८३ पौष मसान्तसम्म सम्बन्धित यातायात व्यवस्था कार्यालयमा बीस वर्षसम्मको तिर्न बुझाउन बाँकी सवारी साधन कर तथा सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुर बुझाएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयले सवारी साधन कर र सवारी साधन दर्ता प्रमाणपत्र नवीकरण दस्तुर बापतमा लाग्ने जरिवाना रकममा सत प्रतिशत छुट दिई त्यस्ता सवारी साधनको अभिलेखबाट लगतकट्टा गराई सवारी दर्ता प्रमाणपत्र खारेज गराउन सक्नेछ। त्यस्ता सवारी साधनको बीस वर्षभन्दा पछि अवधिको कर, जरिवाना तथा अन्य कुनै दस्तुर लिइने छैन।

(३) प्रचलित कानून अनुसार दर्ता भई नवीकरण नगरेका यातायात सेवासँग सम्बन्धित प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र रिकन्डिसन हाउस लगायतका व्यवसायीहरुले पछिल्लो अवधिको नवीकरण दस्तुर संवत् २०८३ पौष मसान्तसम्म बुझाएमा सोभन्दा अगाडिका अवधिमा लाग्ने नवीकरण दस्तुर र जरिवानामा सत प्रतिशत छुट दिइनेछ।

**१९. <u>प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ मा संशोधनः</u>** प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ को,-

(१) दफा ९ख. झिकिएको छ।

(२) अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएको छः-

**"अनुसूची -२**

(दफा ४ को उपदफा (२), दफा ९क. को उपदफा (२) र दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्राइभेट/साझेदारी फर्म/व्यवसाय गर्ने कम्पनीको दर्ता दस्तुर</u>**

| सि.नं. | पूँजी | दस्तुर (रु.) |
|---|---|---|
| १. | तीन लाख रुपैयाँसम्म | १,५००।- |
| २. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ३,०००।- |
| ३. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | ३,५००।- |
| ४. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | ६,०००।- |
| ५. | बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | १०,०००।- |
| ६. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | १४,०००।- |
| ७. | एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | २२,०००।- |
| ८. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | २६,०००।- |
| ९. | दश करोड रुपैयाँभन्दा माथि | ३०,०००।- |

(३) अनुसूची -४ को सट्टा देहायको अनुसूची -४ राखिएको छः-

**अनुसूची-४**

(दफा ५ को उपदफा (३) र (४), दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

**प्राइभेट फर्म नवीकरण दस्तुर र जरिवाना**

| सि.नं. | पूँजी | नवीकरण दस्तुर (रुपैयाँमा) | नवीकरण दस्तुर तथा जरिवाना समेत (रुपैयाँमा) | |
|---|---|---|---|---|
| | | नवीकरण अवधि सकिएको पैंतीस दिनभित्र | नवीकरण अवधि सकिएको नब्बे दिनभित्र | नवीकरण अवधि सकिएको एक वर्षसम्म |
| १ | तीन लाख रुपैयाँसम्म | १२०० | १५०० | १८०० |
| २ | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | २४०० | ३००० | ३६०० |
| ३ | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | ३६०० | ४५०० | ५४०० |
| ४ | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | ४८०० | ६००० | ७२०० |
| ५ | बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | ८००० | १०००० | १२००० |
| ६ | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ११२०० | १४००० | १६८०० |
| ७ | एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | १७६०० | २२००० | २६४०० |
| ८ | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | २०८०० | २६००० | ३१२०० |
| ९ | दश करोड रुपैयाँभन्दा माथि (तर उद्योगको हकमा पचास करोडसम्म) | २४००० | ३०००० | ३६००० |

(४) अनुसूची -५ को सट्टा देहायको अनुसूची -५ राखिएको छः-

## **अनुसूची-५**

(दफा १५ को उपदफा (१) र (३) सँग सम्बन्धित)

**<u>साझेदारी फर्म नवीकरण दस्तुर</u>**

| सि.नं. | पूँजी | फर्म नवीकरण दस्तुर र जरिवाना (रुपैयाँमा) | | | |
|---|---|---|---|---|---|
| | | नवीकरण अवधि समाप्त भएको पैंतीस दिनभित्र | नवीकरण अवधि समाप्त भएको नब्बे दिनभित्र | नवीकरण अवधि समाप्त भएको एकवर्षसम्म | एक वर्ष नाघेपछि |
| १ | तीन लाख रुपैयाँसम्म | २५० | ३७५ | ५०० | नियमित नवीकरण दस्तुरमा प्रतिवर्ष शत प्रतिशत जरिवाना थप |
| २ | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ५०० | ७५० | १००० | |
| ३ | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | ७०० | १०५० | १४०० | |
| ४ | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | ९५० | १४२५ | १९०० | |
| ५ | बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | १६०० | २४०० | ३२०० | |
| ६ | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २२५० | ३३७५ | ४५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ३५०० | ५२५० | ७००० | |
| ८ | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | ४१५० | ६२२५ | ८३०० | |
| ९ | दश करोड रुपैयाँभन्दा माथि (तर उद्योगको हकमा पचास करोडसम्म) | ४८०० | ७२०० | ९६०० | |

(५) अनुसूची ६ को सि.नं. २ मा रहेको "पाँच लाख रुपैंया भन्दा बढी पाँच करोड रुपैंयासम्म" भन्ने शब्दहरुको सट्टा "पाँच करोड रुपैंया भन्दा बढी (उद्योगको हकमा पचास करोडसम्म)" भन्ने शब्दहरु राखिएका छन्।

(६) अनुसूची ६ को सि.नं. ३ झिकिएको छ।"

२०. **प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन:** प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १५क. को उपदफा (१) को,-

(१) खण्ड (ख) मा रहेको "खण्ड (क) बाहेकको लघु उद्यम-घरेलु उद्योग र साना उद्योग कार्यालयमा" भन्ने शब्दहरुको सट्टा "खण्ड (क) बाहेकको घरेलु, साना उद्योग र मझौला उद्योग- कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ग) झिकिएको छ।

२१. **<u>प्रदेश पर्यटन ऐन, २०७८ मा संशोधनः</u>** प्रदेश पर्यटन ऐन, २०७८ को,-

(१) अनुसूची -१ को सट्टा देहायको अनुसूची -१ राखिएको छः-

## "अनुसूची -१

(दफा ३ को उपदफा (५) र दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**<u>दर्ता तथा नवीकरण शुल्क</u>**

होटल, तारे (स्टार) होटल, पर्यटकस्तरको होटल, लज, रेष्टुराँ तथा रिसोर्ट, पव, लाउञ्ज तथा बार दर्ता तथा नवीकरण शुल्कः

| सि. नं. | होटलको किसिम | दर्ता शुल्क (रुपैयाँ) | नवीकरण शुल्क रुपैयाँ (म्याद नाघेको तीन महिनासम्म) | म्याद नाघेकोमा लाग्ने शुल्क | | एक वर्षभन्दा पछि थप |
|---|---|---|---|---|---|---|
| | | | | तीन देखि छ महिनासम्म (नवीकरण शुल्कमा थप) | एक वर्षसम्म (नवीकरण शुल्कमा थप) | |
| १ | साधारण होटेल, लज तथा रेष्टुराँ, होमस्टे | ५,००० | ५,००० | २५% | ५०% | प्रत्येक वर्षको नवीकरण शुल्कमा प्रति वर्ष १०० प्रतिशत का दरले थप लाग्ने |
| २ | रिसोर्ट, पव, लाउञ्ज तथा बार | ७,५०० | ७,५०० | २५% | ५०% | |
| ३ | पर्यटक आवास (साधारण) तथा एक तारे होटल | १०,००० | १०,००० | २५% | ५०% | |
| ४ | दुई तारे होटल | २०,००० | २०,००० | २५% | ५०% | |
| ५ | तीन तारे होटल | ३०,००० | ३०,००० | २५% | ५०% | |
| ६ | पर्यटक आवास (डिलक्स) | ४०,००० | ४०,००० | २५% | ५०% | |
| ७ | होटलभित्र छुट्टै व्यवसायको रुपमा सञ्चालन भएका डान्सबार, मोटल, कफीसप, साउना, ज्याकुजी सेन्टर, जिम क्लव, स्वीमिङ पुल हेल्थ क्लब, व्युटिपार्लर, नाइट क्लव। | ५,००० | ५,००० | ५०% | १००% | प्रत्येक वर्षको नवीकरण शुल्कमा प्रति वर्ष १०० प्रतिशतका दरले थप लाग्ने |

(२) अनुसूची -४ को खण्ड १ को सट्टा देहायको खण्ड १ राखिएको छः-

१. एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्क रू:

| एजेन्सीको किसिम | दर्ता (इजाजत) शुल्क | नवीकरण शुल्क (म्याद नाघेको तीन महिनासम्म) | म्याद नाघेकोमा लाग्ने शुल्क | | |
|---|---|---|---|---|---|
| | | | तीन देखि छ महिनासम्म (नवीकरण शुल्कमा थप) | एक वर्षसम्म (नवीकरण शुल्कमा थप) | एक वर्षभन्दा पछि थप |
| सबै एजेन्सीहरु | २५,००० | २५,००० | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्ष नवीकरण शुल्कमा प्रति वर्ष १०० प्रतिशतका दरले थप हुने |

**नोटः** एजेन्सी दर्ता (इजाजत)को प्रमाणपत्र हराएमा वा च्यातिएमा वा पुनः प्रतिलिपि लिनका लागि पाँचसय रुपैयाँ दस्तुर लाग्नेछ।"

**२२. दण्ड जरिवानाः** (१) प्रदेशभित्र कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड तथा जरिवाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

**घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर**

**(क) रजिष्ट्रेशन शुल्क**

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | काठमाडौं उपत्यका भित्रका | | काठमाडौं उपत्यका बाहिरका महानगरपालिका | उपमहानगरपालिका क्षेत्रको लागि | काठमाडौं उपत्यका बाहिरका नगरपालिका क्षेत्रको लागि | गाउँपालिका क्षेत्रको लागि |
| | | महानगरपालिका क्षेत्रको लागि | नगरपालिका क्षेत्रको लागि | | | | |
| १. | **राजीनामा, सट्टापट्टा, दर्ताफारी, सगोलनामा र छोडपत्रको लिखतको थैली अङ्कमा** | | | | | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखत | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |
| | (ख) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाई (फ्ल्याट) को लिखत | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |
| | (ग) सामूहिक आवास योजना अन्तर्गत | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्मित भवन सहितको घर जग्गाको लिखत | | | | | | |
| | (घ) छोडपत्र लिखत (संयुक्त नामको जग्गा छोडपत्र गर्दा छोडेको हक हिस्सा बराबरको थैली अंकमा रजिष्ट्रेशन शुल्क लाग्नेछ।) | | | | | | |
| | अ) तीन पुस्ता भित्र | हालै देखिको बकसपत्र सरह | | | | | |
| | आ) तीन पुस्ता बाहिर | राजीनामा सरह | | | | | |
| | (ङ) दर्ताफारी लिखत | राजीनामाबाट रजिष्ट्रेशन भई आएको संयुक्त नामको जग्गा दर्ताफारी गर्दा स्वामित्व अनुपातकै आधारको हक हिस्सा बराबरको मात्र थैली अंकको एक प्रतिशतको दरले सेवा शुल्क लाग्नेछ। अनुपात फरक पारी दर्ताफारी गरेमा फरक परेको क्षेत्रफल बराबरको थैली अंकमा राजीनामा सरहको शुल्क लाग्नेछ। तीन पुस्ता भित्र नामसारी वा अपुतालीबाट प्राप्त भएको जग्गाको हक हिस्सा बराबरको मात्र थैली अंकमा ०.५ प्रतिशतको दरले सेवा शुल्क लाग्नेछ। | | | | | |
| २. | **हालैदेखिको बकसपत्र लिखत**को **थैली अङ्कमा** | | | | | | |
| | (क) तीन पुस्ता भित्र | | | | | | |
| | अ) एक लाख रुपैयाँसम्म | २.३% | १.८% | २.१५% | १.६५% | १.५% | १% |
| | आ) एक लाख रुपैयाँभन्दा माथि जतिसुकै | २.८% | २.३% | २.६५% | २.१५% | २% | १% |
| | (ख) अन्य बकसपत्र र दानपत्रको लिखत | १५.३% | १५.३% | १५.१५% | १५.१५% | १५% | १०% |
| | **<u>स्पष्टीकरणः</u>** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको गठन आदेशबाट गठित समिति, बोर्ड, | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिष्ठान, संस्थान, आयोग तथा आयोजना र प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क वा दस्तुर लाग्ने छैन। | | | |
| | **लिखतको प्रकार** | **महानगरपालिका क्षेत्रको लागि** | **उपमहानगरपालिका र नगरपालिका क्षेत्रको लागि** | **गाउँपालिका क्षेत्रको लागि** |
| ३. | **अंशबण्डा, अंशभरपाई र अंशछोडपत्रको लिखतको थैली अङ्कमा** | | | |
| | (क) पचास लाख रुपैयाँसम्म | ०.३% | ०.३% | ०.३% |
| | (ख) पचास लाख रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ०.४% | ०.४% | ०.४% |
| | (ग) तीन करोड रुपैयाँभन्दा माथि जतिसुकै | ०.५% | ०.५% | ०.५% |
| ४. | **मानो छुट्टिएको र मानो जोडिएको प्रति लिखत** | | | |
| | (क) मानो छुट्टिएको | १५०००।- | ११०००।- | ५०००।- |
| | (ख) मानो जोडिएको | १५०००।- | ११०००।- | ५०००।- |
| ५. | **शेषपछिको बकसपत्र/अष्टलोह लिखत पारित तथा संशोधन, बदर वा रद्द प्रति लिखत** | | | |
| | (क) शेषपछिको बकसपत्र/अष्टलोह लिखत पारित | | | |
| | अ) तीन पुस्ता भित्र | १००००।- | ८०००।- | ७०००।- |
| | आ) तीन पुस्ता बाहिर | १५०००।- | १२०००।- | ११०००।- |
| | (ख) संशोधन, बदर वा रद्द गर्दाको लिखत | | | |
| | अ) शर्त संशोधन | २०००।- | १५००।- | १०००।- |
| | आ) बकसपत्र बदर वा रद्द | २५००।- | २०००।- | १५००।- |
| ६. | **अन्य लिखत** | | | |

| | | | | |
|---|---|---|---|---|
| | (क) रकम खुलेकोमा थैली अंकमा | ४% | ३% | २% |
| | (ख) रकम नखुलेकोमा प्रति लिखत | ७०००।- | ६०००।- | ३०००।- |
| ७. | **धितो/दृष्टिबन्धकीको लिखत**<br>व्यक्ति-व्यक्तिबीच भएको दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अङ्कमा | १% | १% | १% |
| ८. | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको प्रति लिखत** | २०००।- | २०००।- | २०००।- |
| ९. | **कपाली तमसुक र करारनामाको लिखत**<br>दाखिल खारेज नहुने कपाली तमसुक र करारनामा लिखतको थैली अङ्कमा | १% | १% | १% |
| १०. | **गुठी दर्ता तथा नवीकरण (प्रति मिसिल)** | | | |
| | (क) गुठी दर्ता | ४०००।- | ३०००।- | २०००।- |
| | (ख) गुठी नवीकरण | ३०००।- | २०००।- | १०००।- |
| ११. | **मासिक एक लाखभन्दा बढी घर बहाल लिनु दिनु गरेको लिखतमा** | ३% | २% | १% |
| | **स्पष्टीकरणः-** घर बहाल लिने दिनेबीचमा हुने लिखत पारित गर्दा पहिलो महिनाको घर बहाल रकमलाई थैली अङ्क मानिनेछ। | | | |
| १२. | **अचल सम्पत्ति फलोपभोग भएको लिखतको थैली अङ्कमा** | ०.२५% | ०.२५% | ०.२५% |

(ख) <u>बेजिल्ला/बेइलाका लिखत पारित सम्बन्धी व्यवस्थाः</u>

| सि.नं. | लिखतको प्रकार | दस्तुर वा शुल्क | बेजिल्ला/बेइलाकाको लिखत पारित बापतको थप शुल्क |
|---|---|---|---|
| (१) | अंशबण्डा, अंशभरपाई र अंशछोडपत्र बाहेकका सबै प्रकारका लिखत | जग्गा भएको स्थानको प्रदेश सरकारले तोकेको दरमा शुल्क वा दस्तुर दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको भूमि प्रशासन कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न हुनुपर्ने। | प्रदेशभित्र वा प्रदेश बाहिरका जिल्लाको लिखत पारित गर्दा यस ऐन बमोजिम असुल भएको रजिष्ट्रेशन शुल्क वा सेवा शुल्क वा रोक्का दस्तुरको रकममा दश प्रतिशतले हुन आउने थप रकम लिखत पारित गर्ने भूमि प्रशासन कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैङ्क भौचर समेत संलग्न गर्नु पर्नेछ। भूमि प्रशासन कार्यालयले यो रकम प्रदेश सञ्चित कोषमा एकमुष्ट रुपमा जम्मा गर्नु पर्नेछ। |
| (२) | अंशबण्डा, अंशभरपाई र अंशछोडपत्रको लिखत। | | नलाग्ने। |

**(ग) सेवा शुल्कः**

| सि.नं. | लिखतको प्रकार | सेवा शुल्कको दर | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको लागि | उपमहानगरपालिका र नगरपालिका क्षेत्रको लागि | गाउँपालिका क्षेत्रको लागि |
| १ | **डोर शुल्क** | | | |
| | (क) काठमाण्डौं उपत्यका भित्र कार्यक्षेत्र भएका कार्यालयबाट हुने कामको लागि | २००००।- | १५०००।- | १००००।- |
| | (ख) काठमाण्डौं उपत्यका बाहिर कार्यक्षेत्र भएका कार्यालयबाट हुने कामको लागि | १५०००।- | १००००।- | ५०००।- |
| २ | **वित्तीय धितोः**<br>नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतको थैली अङ्कमा | | | |
| | (क) पाँच लाख रुपैयाँसम्म | २०००।- | २०००।- | २०००।- |
| | (ख) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | २५००।- | २५००।- | २५००।- |
| | (ग) दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | ५०००।- | ५०००।- | ५०००।- |
| | (घ) बीस लाख रुपैयाँभन्दा बढी चालीस लाख रुपैयाँसम्म | ८०००।- | ८०००।- | ८०००।- |
| | (ङ) चालीस लाख रुपैयाँभन्दा बढी असी लाख रुपैयाँसम्म | १२५००।- | १२५००।- | १२५००।- |

| | | | | |
|---|---|---|---|---|
| | (च) असी लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २५०००।- | २५०००।- | २५०००।- |
| | (छ) एक करोड रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्म | ५००००।- | ५००००।- | ५००००।- |
| | (ज) दुई करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ७५०००।- | ७५०००।- | ७५०००।- |
| | (झ) पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | ११००००।- | ११००००।- | ११००००।- |
| | (ञ) दश करोड रुपैयाँभन्दा बढी पन्ध्र करोड रुपैयाँसम्म | १२५०००।- | १२५०००।- | १२५०००।- |
| | (ट) पन्ध्र करोड रुपैयाँभन्दा बढी बीस करोड रुपैयाँसम्म | १५००००।- | १५००००।- | १५००००।- |
| | (ठ) बीस करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म | १७५०००।- | १७५०००।- | १७५०००।- |
| | (ड) पचास करोड रुपैयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म | २०००००।- | २०००००।- | २०००००।- |
| | (ढ) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै रकम | ३०००००।- | ३०००००।- | ३०००००।- |
| ३. | **लिज**<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम लिज रकम लाग्नेछ। | | | |
| ४. | **जग्गाधनी दर्ता स्रेस्ता, जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि** | | | |

| | | | | |
|---|---|---|---|---|
| | (क) जग्गाधनी दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपि | १००।- | १००।- | १००।- |
| | (ख) जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि | १०००।- | ८००।- | ५००।- |
| | (ग) जग्गाधनी प्रमाणपूर्जाको पुरानो प्रति खिची नयाँ पुर्जा जारी गर्दा | नलाग्ने | | |
| | **<u>स्पष्टीकरण:</u>** पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रयोजन खोली सरोकारवालाले निवेदन गरेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४६ को उपदफा (३) बमोजिम प्रतिपृष्ठमा दश रुपैयाँको हुलाक टिकट टाँस गर्न लगाई प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ।<br>तर कुनै सरकारी निकायले प्रमाणका लागि स्रेस्ता वा पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रमाणित प्रतिलिपि माग गर्दा प्रतिलिपि शुल्क लाग्दैन। | | | |
| ५. | **दाखिल खारेज शुल्क** | | | |
| | (क) अदालत वा अन्य न्यायिक निकायबाट करार लिखत अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा थैली अङ्कमा | ५% | ४.५% | ३% |
| नोटः यो बमोजिम दाखिल खारेज गर्दा भूमि प्रशासन कार्यालयले साविकमा करारनामाको लिखत पारित गरेको र सो उपरमा अदालत वा अन्य न्यायिक निकायबाट फैसला वा मिलापत्र भएको हुनुपर्दछ। | | | | |
| | (ख) अदालत वा अन्य न्यायिक निकायबाट भएको अन्य फैसला वा मिलापत्र अनुसारको | ५% | ४.५% | ३% |

| | | | | |
|---|---|---|---|---|
| | दाखिल खारेज गर्दा (अंश र अपुताली बाहेक) थैली अङ्कमा | | | |
| | (ग) अंश वा अपुताली सम्बन्धमा अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला वा मिलापत्र बमोजिमको दाखिल खारेज थैली अङ्कमा | अंशको हकमा यस अनुसूचीमा उल्लेख भएको अंशबण्डा वा अंशभरपाई वा अंशछोडपत्र सरह र अपुतालीको हकमा नामसारी सरह शुल्क लाग्नेछ। | | |
| | (घ) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संघ/संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा तेस्रो पक्षले सकार गरी बैङ्क तथा वित्तीय संस्थाको पत्रानुसार सोही तेस्रो पक्षको नाममा दाखिल खारेज गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| | (ङ) बैङ्क तथा वित्तीय संघ/संस्था वा सहकारी संघ संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा तेस्रो पक्षले सकार नगरी धितोजमानी दिने व्यक्तिको नामबाट बैङ्क तथा वित्तीय संघ/संस्था वा सहकारी संघ/संस्थाले आफ्नो | १००००।- | ८०००।- | ५०००।- |

| | | | | |
|---|---|---|---|---|
| | नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | | | |
| | (च) खण्ड (घ) बमोजिम तेस्रो पक्षको नाममा दाखिल खारेज भएको वा खण्ड (ङ) बमोजिम बैंक तथा वित्तीय संघ/संस्था वा सहकारी संघ/संस्थाले आफ्नो नाममा दाखिल खारेज भएको निर्णयमा चित्त नबुझी फिराद गर्दा अदालतको अन्तिम फैसलाबाट उक्त निर्णय बदर गरी साविककै धितो जमानीकर्ता वा निजका हकदारका नाममा दाखिल खारेज गर्दा | ५०००।- | ३०००।- | १०००।- |
| | (छ) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा बैङ्क वा संस्था आफैले सकार गरेपछि सम्बन्धित धितोजमानीकर्ता वा निजका हकदारलाई नै फिर्ता गर्दा पारित गर्ने राजीनामा लिखतको थैली अङ्कमा | ३.५% | २.५% | २% |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ज) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | | १००००।- | ७०००।- | ५०००।- |
| | (झ) भूमिसुधार कार्यालयबाट मोही नामसारी वा मोही र जग्गाधनीबीच जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल | | नलाग्ने | | |
| | (ञ) शेषपछिको बकसपत्रको दाखिल खारेज (थैली अंकमा) | | | | |
| | अ) तीन पुस्ता भित्र | | अंशबण्डा सरह | | |
| | आ) तीन पुस्ता बाहिर | | राजीनामा सरह | | |
| ६. | **नामसारी प्रति मिसिल** | | | | |
| | (क) तीन पुस्ते भित्रको नामसारीमा | | | | |
| | अ) | पचास लाख रूपैंयाँसम्मको थैली अङ्कमा | ३५००।- | ३५००।- | ३५००।- |
| | आ) | पचास लाख रूपैंयाँभन्दा बढी एक करोड पचास लाख रुपैयाँसम्मको थैली अङ्कमा | ५०००।- | ५०००।- | ५०००।- |
| | इ) | एक करोड पचास लाख रूपैंयाभन्दा बढी तीन करोड रुपैयाँसम्मको थैली अङ्कमा | ७०००।- | ७०००।- | ७०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | ई) | तीन करोड रुपैयाँभन्दा माथिको थैली अङ्कमा | १००००।- | १००००।- | १००००।- |
| | (ख) तीन पुस्ता बाहिरको नामसारीमा | | | | |
| | अ) | पचास लाख रूपैंयाँसम्मको थैली अङ्कमा | ७०००।- | ७०००।- | ७०००।- |
| | आ) | पचास लाख रूपैंयाँभन्दा बढी एक करोड पचास लाख रुपैयाँसम्मको थैली अङ्कमा | १००००।- | १००००।- | १००००।- |
| | इ) | एक करोड पचास लाख रूपैंयाभन्दा बढी तीन करोड रुपैयाँसम्मको थैली अङ्कमा | १५०००।- | १५०००।- | १५०००।- |
| | ई) | तीन करोड रुपैयाँभन्दा माथिको थैली अङ्कमा | २००००।- | २००००।- | २००००।- |
| ७. | **हाल साविक प्रति मिसिल** | | | | |
| | पुनः नापजाँचपछिको स्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा | | २०००।- | १५००।- | ८००।- |
| ८. | **घर कायम प्रति मिसिल** | | | | |
| | (क) स्रेस्ता पूर्जामा घर जनाउने | | २५००।- | २०००।- | १०००।- |
| | (ख) स्रेस्ता पूर्जामा घर पाताल जनाउने | | ५००।- | ४००।- | ३००।- |
| ९. | **संशोधन दस्तुर** | | | | |

| | | | | |
|---|---|---|---|---|
| | मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) अनुसारको विवरण संशोधन गर्नुपर्दा प्रति मिसिल | १०००।- | ८००।- | ६००।- |
| १०. | दर्ता हुन बाँकी जग्गाको दर्ता स्रेस्ता कायम | नलाग्ने | | |
| ११. | **रोक्का दस्तुर** | | | |
| | (क) यस अनुसूचीको खण्ड (ग) सेवा शुल्कको सि.नं. २ बमोजिम बन्धकी लिखत रजिष्ट्रेशन भएकोमा सोही बमोजिम सेवा शुल्क लाग्नेछ तर यस बमोजिमको रोक्का दस्तुर लाग्ने छैन। | | | |
| | (ख) यस अनुसूचीको खण्ड (ग) सेवा शुल्कको सि.नं. २ बन्धकी लिखत रजिष्ट्रेशन भएकोमा बाहेक रोक्का राख्ने निकायको पत्रमा उल्लेख भएको ऋण अङ्कमा | | | |
| | अ) पाँच लाख रुपैयाँसम्मको ऋण अङ्कमा | १५००।- | १०००।- | ५००।- |
| | आ) पाँच लाख रुपैयाँभन्दा बढी दशलाख रुपैयाँसम्मको ऋण अङ्कमा | २०००।- | १५००।- | १०००।- |
| | इ) दश लाख रुपैयाँ माथिको ऋण अङ्कमा | यस अनुसूचीको खण्ड (ग) सेवा शुल्कको सि.नं.२ बमोजिम लिखत पारित गर्नु पर्नेछ र सोही बमोजिम सेवा शुल्क लाग्नेछ। | | |
| | **द्रष्टव्य** : कुनै सरकारी निकायले रोक्का प्रयोजन उल्लेख गरी वा नगरी कुनै व्यक्ति वा निकायको नाममा रहेको घरजग्गा रोक्का राख्न लेखी पठाएमा यस अनुसूची बमोजिम कुनै शुल्क वा दस्तुर लाग्ने छैन। | | | |
| १२. | **जग्गा खण्डीकरण (प्लटिङ्ग) बापत शुल्क (प्रति मिसिल)** घर जग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीले प्रचलित कानुन बमोजिम प्लानिङ्ग परमिट लिई आफ्नो वा कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा आवासीय प्रयोजनको लागि जग्गा विकास गरी विकसित घडेरी वा घर निर्माण गर्ने प्रयोजनका लागि कित्ताकाट गर्दा प्रति मिसिल | | | |

| | | | | |
|---|---|---|---|---|
| | (क) ३३८६.३१ वर्ग मिटरसम्म क्षेत्रफलमा | १५०००।- | १००००।- | ५०००।- |
| | (ख) ३३८६.३१ वर्ग मिटरभन्दा बढी ६७७२.६२ वर्ग मिटरसम्म क्षेत्रफलमा | २५०००।- | १५०००।- | १००००।- |
| | (ग) ६७७२.६२ वर्ग मिटरभन्दा बढी क्षेत्रफलमा | ३५०००।- | २५०००।- | १५०००।- |

(घ) **विविधः**

| | |
|---|---|
| १. | पहिले कारोबार भएको थैली अङ्कभन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाईने छैन।<br>स्पष्टीकरणः पहिले कारोबार भएको थैली अङ्क भन्नाले बन्धकी लिखतमा उल्लेख भएको थैली अङ्क बाहेकलाई जनाउँनेछ। |
| २. | स्वदेशी लगानीका जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छी पालन, डेरी, अलैंची खेती, जडीबुटी खेती एवं फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको सिफारिसको निर्णयको प्रमाणित प्रतिलिपि, सोही विषयमा भूमि प्रशासन कार्यालयको नाममा लेखिएको सिफारिस पत्र र व्यवसाय सञ्चालन अनुमति लिएको कागजात समेत पेस गर्नु पर्नेछ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायले उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमि प्रशासन कार्यालयले उक्त जग्गा रोक्का |

| | |
|---|---|
| | राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिवाना समेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ। |
| ३. | स्वदेशी लगानीका सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सोमा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको सिफारिसको निर्णयको प्रमाणित प्रतिलिपि, सोही विषयमा भूमि प्रशासन कार्यालयको नाममा लेखिएको सिफारिस पत्र र व्यवसाय सञ्चालन अनुमति लिएको कागजात समेत पेस गर्नु पर्नेछ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमि प्रशासन कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिवानासमेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ। |
| ४. | स्वदेशी लगानीका सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योग र सूचना प्रविधि उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको सिफारिसको निर्णयको प्रमाणित प्रतिलिपि, सोही विषयमा भूमि प्रशासन कार्यालयको नाममा लेखिएको सिफारिस पत्र र व्यवसाय सञ्चालन अनुमति लिएको कागजात समेत पेस गर्नु पर्नेछ। |

| | |
|---|---|
| | तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमि प्रशासन कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिवानासमेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ। |
| ५. | कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष वा निवृत्तभरण कोषमा नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलब्ध गराउने प्रयोजनका लागि एवं बीमा संस्थान, बीमा प्राधिकरणबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय वा बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा सर्त बमोजिम ऋण सुविधा उपलब्ध गराउने प्रयोजनका लागि यस अनुसूचीको खण्ड (ग), सि.नं. २ बमोजिम धितोबन्धक लिखत पारित गर्दा वा सि.नं. ११ को (ख) बमोजिमको पत्रद्वारा रोक्का गर्दा सेवा शुल्क वा रोक्का दस्तुर वापत दुई हजार रुपैयाँ मात्र लाग्नेछ। |
| ६. | बैकिङ्ग तथा वित्तीय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू साथै सहकारी संघ/संस्थाहरू एक आपसमा गाभिएमा संस्थाहरूले सो प्रयोजनका लागि घर जग्गा एकीकृत गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर/शुल्क लाग्ने छैन। |
| ७. | जनआन्दोलन, सशस्त्र संघर्ष, मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहीद र बेपत्ता पारिएका व्यक्तिको आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा परिचयपत्र वा आश्रित परिवारको स्थायी ठेगाना भएको स्थानीय तहको सिफारिस पेस गरेमा यस अनुसूची बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्णरुपमा छुट हुनेछ। |

| | |
|---|---|
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एवं पिछडिएका तथा अल्पसङ्ख्यक, सीमान्तकृत जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा उपर्युक्त व्यक्तिहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ।<br>तर दलित समुदायका व्यक्तिको हकमा राष्ट्रिय दलित आयोगले प्रकाशित गरेको दलित थरको सूचीमा सूचीकृत दलित थर भएका व्यक्तिहरूको हकमा अन्य छुट्टै प्रमाण आवश्यक पर्ने छैन। |
| ९. | (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र बुबा आमा विहीन नाबालकको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ।<br>तर एकल महिलाको हकमा भने पैंतीस प्रतिशत छुट हुनेछ। छुटका लागि एकल महिला भएको प्रमाण/कागजात पेस गर्नु पर्नेछ। |
| | (ख) गाउँपालिकाको क्षेत्रभित्रको जग्गामा महिलाको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पैंतीस प्रतिशत छुट हुनेछ। |
| | (ग) देहायको स्थानको जग्गाको पारित हुने लिखतमा पचास प्रतिशत छुट हुनेछ, -<br>अ) रसुवा जिल्लाका साविकको स्याफ्रु, लाङ्टाङ, बृद्धिम, थुमन, टिमुरे, यार्सा, सरमथली, भोर्ले, धैबुङ्ग, राम्चे, हाकु, लहरेपौवा, ठूलोगाउँ, डाँडागाउँ, गत्लाङ्ग, चिलिमे र गोल्जुङ्ग गाउँ विकास समितिको हकमा।<br>आ) दोलखा जिल्लाका साविकको लामाबगर, गौरीशंकर, आलम्पु, मार्बु, स्यामा, विगु, खारे र चिलंखा गाउँ विकास समितिको हकमा। |

| | |
|---|---|
| | इ) धादिङ जिल्लाका साविकको सेर्तुङ, तिप्लिङ, लापा, री, झार्लाङ्ग, सत्यदेवी, दार्खा, वसेरी, बुढाथुम, मूलपानी, फूलखर्क, सल्यानकोट र गुम्दी गाउँ विकास समितिको हकमा।<br>ई) सिन्धुपाल्चोक जिल्लाका साविकको तातोपानी, गुम्वा, गोल्चे र फुल्पिङकट्टी गाउँ विकास समितिको हकमा। |
| | (घ) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा साविकको थैली अङ्क कायम गरी सो सगोलनामाको लिखतमा पाँच सय रुपैयाँ मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ। |
| | (ङ) तीन सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपि सहित सोही विषयमा भूमि प्रशासन कार्यालयको नाममा लेखिएको सिफारिस पत्र र उद्योग तथा वाणिज्य कार्यालयको सिफारिस पत्र समेत पेस गर्नु पर्नेछ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमि प्रशासन कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिवाना समेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ। |
| १०. | भूमिहीन, मुक्तकमैया र मुक्तहलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर पूर्णरुपमा छुट हुनेछ। यसको लागि |

| | |
|---|---|
| | सो खुल्ने प्रमाण/कागजात/परिचयपत्र तथा घरजग्गा प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहको सिफारिसपत्र पेस गर्नु पर्नेछ। |
| ११. | भूमि प्रशासन कार्यालयहरूले सङ्कलन गर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क मध्येबाट भूमि प्रशासन/नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण तथा स्रेस्ता व्यवस्थापनको लागि २ (दुई) प्रतिशत कट्टा गरी सो समेत प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ। |
| १२. | सहकारी ऐन, २०७४ तथा बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ बमोजिम दर्ता भएका सहकारी संघ तथा संस्थाहरूलाई आफ्नो कार्यालय भवन निर्माणका लागि देहायका क्षेत्रमा देहाय क्षेत्रफलसम्मको जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सम्बन्धित स्थानीय तह र सहकारी हेर्ने मन्त्रालयको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृतिमा पचास प्रतिशत छुट हुनेछः- |

| क्षेत्र | क्षेत्रफल | कैफियत |
|---|---|---|
| काठमाडौं उपत्यका | १ रोपनी | यस्तो छुट उल्लिखित क्षेत्रफलभित्रको जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा एक पटकका लागि मात्र प्रदान गरिनेछ। |
| पहाडी क्षेत्र | २ रोपनी | |
| अन्य क्षेत्र | ३ कठ्ठा सम्म | |

तर

(क) यस प्रावधान अन्तर्गत खरिद गरिने घर जग्गा लगायतका अचल सम्पत्ति खरिद गर्दा सम्बन्धित सहकारी संस्थाको पूर्ण स्वामित्व हुने अवस्थामा मात्र छुट प्रदान गरिनेछ।

(ख) व्यवसायिक प्रयोजनका लागि घर जग्गा लगायतका अचल सम्पत्ति खरिद गर्दा छुट पाइने छैन। छुट सुविधा लिई खरिद

| | |
|---|---|
| | गरिएको घर जग्गा लगायतका अचल सम्पत्ति भाडामा दिन पाइने छैन।<br>(ग) सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा वा कुनै पनि किसिमबाट दाखिल खारेज भै गएमा साविकमा छुटका लागि सिफारिस गर्ने नियामक निकायको सिफारिसका आधारमा भूमि प्रशासन कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ।<br>(घ) रजिष्ट्रेशन शुल्क छुट लिई खरिद गरेको घर जग्गा लगायत अचल सम्पत्ति बिक्री गर्दा सम्बन्धित स्थानीय तह र सहकारी हेर्ने मन्त्रालयको सिफारिस तथा सहमति समेत पेस गर्नु पर्नेछ। |
| १३. | यस अनुसूचीको खण्ड (घ) को सि.नं. ८, ९, १० बमोजिम छुट दिंदा एकै व्यक्तिले एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी हुने कुनै एकमात्र छुट दिइनेछ। |
| १४. | पाच लाख रुपैयाँ देखि पचास लाख रुपैयाँसम्मको घरजग्गाको खरिद विक्री सम्बन्धी कारोबारमा जुनसुकै प्रकारको भुक्तानी बैंकिङ्ग उपकरण मार्फत गरी सो को प्रमाण र पचास लाख रुपैयाँभन्दा माथिको घरजग्गा खरिद गर्दा क्रेताले बैङ्कबाट भुक्तानीको लागि गुड फर पेमेन्ट चेक वा बैङ्क ग्यारेन्टी वा ई-पेमेन्ट वा नेपाल राष्ट्र बैङ्कको निर्देशिका बमोजिम तोकिएका भुक्तानीका अन्य उपकरणहरुबाट भुक्तानी भएको प्रमाण वा बिक्रेताको नाममा रहेको बैङ्क खातामा नगद रकम जम्मा गरेको बैङ्क भौचरको प्रतिलिपिमा ऋणी धनी दुवैले प्रमाणित गरी पेस गर्नु पर्नेछ। |
| १५. | पति र पत्नीको संयुक्त नाममा पारित हुने सबै प्रकारका लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |

| | |
|---|---|
| १६. | यस अनुसूची बमोजिम हुने कामका लागि "तीन पुस्ता" भन्नाले बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, दिदी-भिनाजु, बहिनी, बहिनी-ज्वाइँ, छोरा, छोरा-बुहारी, छोरी, छोरी-ज्वाइँ, सासु, ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजा-बुहारी, भतिजी, नाति, नातिनी, नातिनी-ज्वाइँ, नातिनी-बुहारी, काका, काकी, मामा, माइजू, भान्जा, भान्जी, ठूलोबुबा, ठूलीआमा (बाबुतर्फका), आमाजू, नन्द, सौता-सौता, एकै दाजु भाइ दिदी-भाइको छोरा, बुहारी, छोरी, ज्वाइँ, फुपू, फुपाजु, भदा, भदै, भदा-बुहारी, भदैनी-ज्वाइँबीच हुने कारोबारलाई जनाउँदछ र यो शब्दले धर्मसन्तानलाई आफ्नै सन्तान सरह मानी यसमा उल्लिखित नातासम्बन्ध समेतलाई बुझाउँदछ। |
| १७. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको घर वा जग्गा वा घर जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा प्राप्त गर्दा यस अनुसूची बमोजिमको कुनै पनि शुल्क वा दस्तुर लाग्ने छैन। |
| १८. | कुनै व्यक्तिको स्वामित्वमा रहेको घर वा जग्गा वा घर जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| १९. | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम भूमि प्रशासन कार्यालयबाट सङ्कलित घर जग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको क-२.६ विविध खातामा जम्मा गरी प्रत्येक महिना समाप्त भएपछि सङ्कलित रकमको चालीस प्रतिशत प्रदेशलाई र साठी प्रतिशत सम्बन्धित स्थानीय तहहरूलाई बाँडफाँट गर्नु पर्नेछ। |

<table>
<tr>
<td>२०.</td>
